प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- ९८८५८

मिति:- २०७६/१०/२९

विषय:- आवश्यक समन्वय तथा अनुगमन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)
प्रदेश नं ५ ।

प्रस्तुत विषयमा भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं ५ को च.नं २०६७ मिति २०७६/१०/२२ को वास योजना निर्माण सम्बन्धी पत्र संलग्न छ । यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रदेश भित्रका सबै स्थानीय तहबीच सम्झौता भई यस प्रदेशमा वास योजना निर्माण कार्यको थालनी भईसकेको सन्दर्भमा आवश्यक समन्वय तथा अनुगमन गरी उक्त वास योजना निर्माण कार्यलाई सफल बनाउने कार्यमा सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

........................
कृष्ण प्रसाद पराजुली
अधिकृत सातौं

वोधार्थ:-

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं ५ ।

प्रदेश सरकार

प्रदेश नं. ५

# भौतिक पूर्वाधार विकास मन्त्रालय

बुटवल, नेपाल

visit nepal 2020 Lifetime Experiences

प.सं.-०७६/७७

च.नं.- २०६६

मिति : २०७६/१०/२२

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

दर्ता नं. ३३५८

मिति: ०७६/१०/२२

विषय : वास योजना निर्माण सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. ५, बुटवल ।

प्रस्तुत विषयमा यस मन्त्रालय र प्रदेश भित्रका सबै स्थानीय तहबीच सम्झौता भएको वास योजना निर्माण कार्यको थालनी भईसकेको र मन्त्रालयले वास संयोजक (स्वयंसेवक) छनौट गरी तालिम प्रदान गरी सम्बन्धित स्थानीय तहमा खटाउने कार्य सम्पन्न भईसकेको छ भने स्थानीय तहले पनि गणक छनौट प्रक्रियामा रहेको सन्दर्भमा तीन महिना भित्र वास योजना निर्माण गरी स्वच्छ खानेपानी र पूर्ण सरसफाई उन्मूख हुन, नेपालको संविधानको धारा ३५(४) बमोजिम खानेपानी, सरसफाई तथा स्वच्छताको हक सबै नागरिकले प्राप्त गर्न, नेपाल पक्ष राष्ट्र रहेको दिगो विकासका लक्ष्यको बुदाँ नं. ६ मा **"सबैका लागि सरसफाई तथा स्वच्छ खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्न"**, प्रदेश सरकारले आ.व.०७६/७७ को नीति तथा कार्यक्रममा सम्बोधन गरेको "एक घर, एक धारा" नारा सार्थक बनाउन तथा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा तीनै तहका सरकारको कार्यजिम्मेवारी निर्धारण गरी जिम्मेवार बनाउन उक्त योजना कोशेढुङ्गा सावित गराउने उद्देश्यले वास योजना निर्माणको क्रममा ताहाँबाट निरन्तर समन्वय, अनुगमन गरी निर्धारित समयमा वास योजना निर्माणका लागि प्रदेश भित्रका सबै स्थानीय तहलाई अनुरोध गर्ने भन्ने मिति २०७६/१०/२१ गते बसेको प्रदेशस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको बैठकले निर्णय गरेकोले सोही व्यहोराको अनुरोध पत्र यस प्रदेश भित्रका सबै स्थानीय तहमा यस मन्त्रालयको च.नं.२०६६ मिति २०७६/१०/२२ को पत्रद्वारा अनुरोध गरिएकोमा ताहाँ कार्यालयबाट पनि वास योजना निर्माणमा समन्वय र अनुगमनका लागि प्रदेश भित्रका सबै स्थानीय तहलाई पत्राचारको माध्यमबाट समन्वय गरिदिनुभई वास योजना निर्माणमा सहयोग पुर्‍याईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

१०/२२

( ध्रुव धिताल )

महाशाखा प्रमुख

सादर अवगतार्थः

मा.मन्त्रीज्यूको निजि सचिवालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, बुटवल ।

श्रीमान् सचिवज्यू, भौतिक पूर्वाधार विकास मन्त्रालय, बुटवल ।